# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
SEROPHERO

अंक २३-२०८१।०८।०२ | २०८१ भाद्र - असोज


**Statement of patients flow for the month of Shrawan 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3447** | **862** | **4309** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 8 | 2 | 10 |
| CARDIOLOGY | 1908 | 477 | 2385 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 161 | 40 | 201 |
| DENTAL | 3617 | 904 | 4521 |
| DERMATOLOGY & VENEROLOGY | 5250 | 1313 | 6563 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 4122 | 1031 | 5153 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1751 | 438 | 2189 |
| INTERNAL MEDICINE | 8350 | 2088 | 10438 |
| OBSTETRICS & GYNAECOLOGY | 6539 | 1635 | 8174 |
| OPHTHALMOLOGY | 1630 | 408 | 2038 |
| ORTHOPAEDICS | 6135 | 1534 | 7669 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3148 | 787 | 3935 |
| PSYCHIATRY | 2275 | 569 | 2844 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 745 | 186 | 931 |
| SURGERY | 5612 | 1403 | 7015 |
| SURGICAL GASTROENTEROLOGY | 59 | 15 | 74 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 892 | 223 | 1115 |
| **Sub Total** | **52202** | **13051** | **65253** |
| **EMERGENCY** | | | |
| CENTRAL | 4689 | 0 | 4689 |
| GYNAE /OBSTETRICS | 1024 | 0 | 1024 |
| PAEDIATRIC | 1502 | 0 | 1502 |
| **Sub Total** | **7215** | 0 | **7215** |
| **Grand Total :** | **62864** | **13912** | **76776** |
| Paying (EHS) | 4297 | | |
| Nepal Govt Social Insurance | 30633 | | |
| Other Scheme | 27934 | | |
| **Ward IPD** | **4123** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | 228 | | |
| *NICU/PICU/MICU/Nursery* | 171 | | |
| *Dialysis* | 1823 | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

# प्रतिष्ठानको ३१औं वार्षिकोत्सव तथा १११औं वी.पी. जयन्ती भव्यताका साथ सम्पन्न



प्रतिष्ठानको ३१औं वार्षिकोत्सव तथा १११औं वी.पी.जयन्ती गत २०८१ भाद्र २४ गते तद्नुसार सेप्टेम्बर ९, २०२४, सोमबारका दिन भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि जर्ज इन्स्टिच्यूट फर ग्लोबल हेल्थ, भारतका कार्यकारी निर्देशक; ग्लोबल किड्नी हेल्थ, इम्पेरियल कलेज, लण्डनका चेयर; यूनिभर्सिटी अफ न्यू साउथ वेल्स, सिड्नीका कन्जोइन्ट प्रोफेसर अफ मेडिसिन तथा प्रसन्न स्कूल अफ पब्लिक हेल्थ, मनिपाल एकेडेमी अफ हाइयर एजुकेशन, भारतका प्रा.डा. विवेकानन्द झा हुनुहुन्थ्यो । वार्षिकोत्सव कार्यक्रम अन्तर्गतको २२औं वी.पी.कोइराला मेमोरियल ओरेसनका विद्वत वक्ता समेत रहनु भएका वहाँ इन्टरनेशनल सोसाइटी अफ नेफ्रोलोजीका निवर्तमान अध्यक्ष समेत हुनुहुन्छ ।

प्रतिष्ठानको निमन्त्रणामा कार्यक्रममा विभिन्न राजनैतिक दलका नेता, प्रतिनिधी, सरकारी तथा गैह्र सरकारी निकायका प्रमुख एवं प्रतिनिधीहरु, विभिन्न शिक्षण संस्थाका प्रतिनिधीहरु, नागरिक समाजका अगुवाहरु, प्रतिष्ठित समाजसेवीहरु तथा विशिष्ट व्यक्तित्वहरु, सरोकारवालाहरु, संचारकर्मीहरु आदिको बाक्लो उपस्थिति रहेको थियो ।

त्यसैगरी, प्रतिष्ठानका तर्फबाट पदाधिकारीज्यूहरु, पूर्व पदाधिकारीहरु, संचालक परिषद् सदस्यहरु, विभागीय प्रमुखहरु, महाशाखा/शाखा प्रमुखहरु, शिक्षक, चिकित्सक, कर्मचारी एवं विद्यार्थीहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।



उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यू तथा प्रमुख अतिथि प्रा.डा.झाज्यूले संयुक्त रुपमा प्रतिष्ठानको झण्डोत्तोलन गरी कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो भने कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुबाट महामानव स्व. वी.पी. कोइरालाको तस्वीरमा माल्यार्पण सहित श्रद्धा सुमन अर्पण गरिएको थियो ।

उपकुलपति कार्यालयको प्राङ्गणमा आयोजित झण्डोत्तोलन कार्यक्रममा उपकुलपतिज्यूले स्वागत मन्तव्य व्यक्त गर्दै आफ्नो आगमन पश्चात् प्रतिष्ठानले हालसम्म हासिल गरेका उपलब्धीहरुका बारेमा जानकारी गराउनु भएको थियो ।

**Statement of patients flow for the month of Bhadra 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3438** | **516** | **3954** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 4 | 1 | 5 |
| CARDIOLOGY | 1643 | 246 | 1889 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 157 | 24 | 181 |
| DENTAL | 2661 | 399 | 3060 |
| DERMATOLOGY & VENEROLOGY | 4507 | 676 | 5183 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3596 | 539 | 4135 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1467 | 220 | 1687 |
| INTERNAL MEDICINE | 7821 | 1173 | 8994 |
| OBSTETRICS & GYNAECOLOGY | 5724 | 859 | 6583 |
| OPHTHALMOLOGY | 1218 | 183 | 1401 |
| ORTHOPAEDICS | 4898 | 735 | 5633 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3051 | 458 | 3509 |
| PSYCHIATRY | 1920 | 288 | 2208 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 758 | 114 | 872 |
| SURGERY | 5081 | 762 | 5843 |
| SURGICAL GASTROENTEROLOGY | 100 | 15 | 115 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 990 | 149 | 1139 |
| **Sub Total** | **45596** | **6839** | **52435** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5121 | 0 | 5121 |
| GYNAE /OBSTETRICS | 1071 | 0 | 1071 |
| PAEDIATRIC | 1700 | 0 | 1700 |
| **Sub Total** | **7892** | 0 | **7892** |
| **Grand Total :** | **56926** | **7355** | **64281** |
| Paying (EHS) | 3820 | | |
| Nepal Govt Social Insurance | 27246 | | |
| Other Scheme | 25860 | | |
| **Ward IPD** | **4011** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **198** | | |
| *NICU/PICU/MICU/Nursery* | **146** | | |
| *Dialysis* | **1806** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । सेरोफेरोको गत श्रावण महिनाको अंक विशेष कारणबस प्रकाशन हुन नसकेकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र



कोभिड १९ महामारीको विषम् परिस्थितिमा आफु नियुक्त हुँदा यसको संचालनमा देखा परेका चुनौतीहरुलाई आफु लगायत सम्बद्ध सबैले एकजुट भई सामना गर्दै यसको वृहत विकासमा दृढतापूर्वक लागि परेको हुँदा हालको उपलब्धीहरु हासिल भएको र भविष्यमा समेत यसरी नै परिणाममुलक उपलब्धीहरुका लागि आफ्नो कार्यकालको अन्त्य सम्म पनि दृढतापूर्वक लागि पर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

मन्तव्यकै क्रममा वहाँले निकट भविष्यमै मातृशिशु भवन तथा फार्मेसी भवन संचालन गरिनुका साथै काठमाण्डौं बाहिर पहिलो पटक प्रतिष्ठानमा Burn Unit समेत संचालनमा आउने बारे जानकारी गराउनु भयो । त्यसका साथै Oncology Centre तथा Cardiology Centre निर्माण सुचारु गर्न नेपाल सरकारसँग आवश्यक पहल गरिसकिएको समेत बताउनु भयो ।



कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यूबाट प्रमुख अतिथि, विशेष अतिथि, अतिथि लगायत उपस्थित सबैमा प्रतिष्ठानको निमन्त्रणा स्वीकार गरी पाल्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । प्रतिष्ठान आर्थिक रुपले कठिन मोडमा उभिएको अवस्थामा संघीय सरकारको विशेष ध्यान पुग्न आवश्यक रहेको बारे बताउँदै प्रदेश तथा स्थानीय सरकारको समेत सहयोग हुनु पर्ने बारे वहाँले बताउनु भयो । वहाँले, प्रतिष्ठानमा कार्यरत सबैले, अहोरात्र खटिई प्रतिष्ठानको आर्थिक अवस्था सुदृढ गरी समुन्नत प्रतिष्ठान बनाउँछौ भनी प्रण गर्न अपिल समेत गर्नु भयो । उक्त कार्यक्रमको संचालन उपकुलपति सचिवालयका का.मु.अधिकृत गौरव सन्जेलले गर्नु भएको थियो ।



तत्पश्चात् प्रमुख अतिथि लगायत आमन्त्रीत विशिष्ट महानुभावहरु, पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरुबाट प्रतिष्ठानको जी.ओपीडी भवन अगाडी अवस्थित महामानव वी.पी. कोइरालाको शालिकमा माल्यार्पण गरिएको थियो ।




उक्त अवसरमा सोही दिन प्रतिष्ठानको अडिटोरियम हलमा २२औं वीपी मेमोरियल ओरेसनका विद्वत वक्ता प्रा.डा. झाले "Turning Insights Into Action: Why do we need Implementation Research in Medicine?" विषयमा आफ्नो विद्वत संभाषण दिनुभयो ।

उक्त संभाषण अघि उपकुलपतिज्यूले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै प्रमुख अतिथि तथा ओरेटर प्रा.डा.झालाई प्रतिष्ठानको निम्तो स्वीकार गरेर उपस्थित भैदिनु भएकोमा विशेष धन्यवाद दिनुभयो ।

प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले प्रमुख अतिथि तथा

ओरेटर प्रा.डा. झाको परिचय बारे बोल्दै वहाँको चिकित्सा विज्ञानको क्षेत्रमा पुऱ्याउनु भएको योगदानका विषयमा जानकारी गराउनु भयो । प्रतिष्ठानका डीन, शैक्षिक प्रा.डा. शिवेन्द्र झाज्यूले साइटेसन वाचन गर्नु भएको थियो भने प्रतिष्ठानका अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूले कार्यक्रममा उपस्थित भएर कार्यकमलाई भव्य रुपमा सफल तुल्याइ दिनु भएकोमा सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



उक्त अवसरमा प्रतिष्ठानको वार्षिक प्रगति विवरण तथा आगामी वर्षको कार्ययोजना सहितको **Annual Report 2023-024 and Plan of Action 2024-025** पुस्तकको विमोचन गरिएको थियो । ओरेटरज्यू, पदाधिकारीज्यूहरु तथा डीनद्वयबाट संयुक्त रुपमा उक्त पुस्तकको अनावरण गरिएको थियो ।



कार्यक्रममा उपकुलपतिज्यूले प्रमुख अतिथि तथा ओरेटर प्रा.डा.झाज्यूलाई साइटेसन तथा ओरेसन मेडल प्रदान गर्नु भएको थियो । उक्त ओरेसन कार्यक्रमकी संचालिका डा.मोना दाहाल हुनुहुन्थ्यो ।

विगतमा झै प्रतिष्ठानको बार्षिकोत्सव प्रतिष्ठान भित्र मात्र नभएर प्रतिष्ठान बाहिर देश-विदेशका विभिन्न ठाउँमा समेत हर्षोल्लाषका साथ मनाइएको छ । देशका विभिन्न स्वास्थ्य संस्थाहरुमा सेवारत प्रतिष्ठानका पूर्व विद्यार्थीहरु, विदेशमा कार्यरत पूर्व विद्यार्थीहरु तथा



नेपाल सरकारले प्रतिष्ठान बाहिर खटाएका शिक्षक, कर्मचारीहरुले नेपालको चितवन, काठमाडौं, बुटवल, भैरहवा, नेपालगञ्ज, नुवाकोट, धनगढी, जुम्ला का साथै भारतको चण्डीगढमा समेत विभिन्न भेला कार्यक्रमहरु गर्दै प्रतिष्ठानको वार्षिकोत्सव मनाउनु भएको छ ।

## प्रतिष्ठानमा नयाँ OPG X-ray Machine जडान



प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरी अन्तर्गतको ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागमा अत्याधुनिक नयाँ OPG (Orthopantomography) and Lateral Cephalogram X-ray Machine जडान गरिएको छ । सो विभागमा रहेको X-ray machine बिग्रिएर बन्न नसक्ने अवस्थामा पुग्दा लामो समयदेखि उक्त सेवा अवरुद्ध रहेको थियो । गत २०८१ श्रावण २१ गते उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले एक कार्यक्रमका बीच उक्त मेसिनको उद्घाटन गर्नु भएको थियो । सो अवसरमा बोल्दै वहाँले नयाँ जडान भएको एक्सरे मेसिनले बिरामीहरुमा थप सुविधा प्रदान गर्ने विश्वास रहेको बताउँदै ओरल मेडिसिन एण्ड रेडियोलोजी बिभागलाई बिस्तार गरी अझ बढी सुविधा सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गर्नु भयो । आगामी केही महिना भित्रमा नै सिबिसिटी मेसिन जडान गर्नुका साथै प्रतिष्ठानका विभिन्न स्वास्थ्य उपकरणहरुको जिर्णोद्धार तथा पुनस्थापना गरिने बारेमा पनि उपकुलपतिज्यूले जानकारी दिनु भयो ।

उक्त उद्घाटन कार्यक्रममा अस्पताल निर्देशक डा. जगत नारायण प्रसाद, डेपुटी अस्पताल निर्देशक डा. इन्द्र कुमार लिम्बू, चिफ, कलेज अफ डेन्टल सर्जरी प्रा.डा. आशिष श्रेष्ठ लगायत कलेज अफ डेन्टल सर्जरी अन्तर्गतका विभागीय प्रमुखहरु, शिक्षक, चिकित्सक, कर्मचारी तथा विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।

उक्त मेसिनबाट OPG लगायत मुख, टाउको तथा पिनास, नाडी तथा औंलाको समेत X-ray गर्न सकिन्छ । उक्त X-ray machine संचालनमा आए पश्चात् दैनिक तीस जना भन्दा बढी विरामीहरुले सेवा लिने गरेका छन् र विरामीहरुले प्रतिष्ठान बाहिर इटहरी, बिराटनगर सम्म पुगेर X-ray गर्नु पर्ने झंझटबाट मुक्ती पाई राहत पाएको महशुस गरिएको छ ।

## Professional Development on Essentials of Education Technology for Faculty Members सम्बन्धी तालिम सम्पन्न



प्रतिष्ठानको Health Profession Education (HPE) Department ले गत अगष्ट ११ देखि १५ सम्म Professional Development on Essentials of Education Technology for Faculty Members बिषयमा पाँच दिने शिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । प्रतिष्ठानका विभिन्न विभागमा पठन पाठनमा संलग्न शिक्षकहरुका लागि आयोजित उक्त प्रशिक्षणमा तीस

जना शिक्षकहरुको सहभागीता रहेको थियो ।

शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू लगायत Health Profession Education Core Group (HPECG) का सदस्यहरुले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उद्घाटन कार्यक्रम संचालिका डा.परिनीता थापाले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुको महत्व बारे बताउनु भएको थियो । HPECG की संयोजक प्रा.डा. अन्जु प्रधानले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उदेश्य बारे दर्शाउनु भएको थियो । मन्तव्य राख्ने क्रममा शिक्षाध्यक्षज्यूले कार्यक्रम सफलताको शुभकामना दिँदै प्रतिष्ठानमा विद्यमान पठन पाठन सम्बन्धी नीतिलाई समय समयमा परिष्कृत गर्दै लैजान यस किसिमका कार्यक्रमको आवश्यकता रहेको पनि वहाँले बताउनु भयो ।



कार्यक्रममा श्रोत शिक्षकको रुपमा प्रतिष्ठानबाट प्रा.डा. नरेन्द्र भट्ट, प्रा.डा. बालकृष्ण भट्टाराई तथा प्रा.डा. कृष्णा पोखरेल रहनु भएको थियो भने प्रतिष्ठान बाहिरबाट पोखरा स्थित गण्डकी मेडिकल कलेजका एसोसिएट प्रोफेसर डा. नुवादत्त सुबेदी रहनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुलाई विद्यार्थीहरु लाई पढाउने शैली, प्रविधी तथा प्रकृया का साथै मूल्यांकन (Assessment) गर्ने विविध विधि सम्बन्धी प्रशिक्षण दिइएको थियो । उक्त प्रशिक्षण कार्यक्रमलाई प्रस्तुतीकरण, समुह कार्य, गतिविधि एवम् छलफल गरी छुट्टा छुट्टै समुहमा विभाजन गरी संचालन गरिएको थियो । तालिममा आयोजना गरिएको प्यानल डिस्कसन सधैको भन्दा नयाँ शैलिबाट Hybrid mode मा गरिएको थियो । डा. परिनीता थापा मोडोरेटर रहेको उक्त प्यानल डिस्कसनमा प्रा.डा.भट्टराई, प्रा.डा.पोखरेल, प्रा.डा. प्रधान, डा.दास तथा डा. सुबेदी प्यानलिष्टका रुपमा रहनु भएको थियो ।



HPECG का सदस्यहरु, डा.अन्जु प्रधान, प्रा.डा.तारा शाह, प्रा.डा.निर्मला लिम्बू, डा.विजय कुमार खनाल, डा.विनोद कुमार लाल दास, डा.परिनीता थापा र डा.अभिनय लुइटेलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा सहभागीहरुलाई प्रमाणपत्र वितरण पश्चात् सबैलाई संयोजक प्रा.डा. प्रधानले धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा सबै सहभागीहरुले उत्साहपूर्वक भाग लिनुका साथै यसको प्रभावकारिता बारे सकारात्मक प्रतिकृया दिँदै प्रशिक्षण अत्यन्तै फलदायी रहेको र यसलाई निरन्तरता दिनु पर्ने कुरामा जोड दिनु भयो ।

## प्रतिष्ठानमा चिफ तथा विभागीय प्रमुखहरु नियुक्त

प्रतिष्ठानको निर्णय बमोजिम रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यूले स्कूल अफ पब्लिक हेल्थको चिफका साथै विभिन्न विभागहरुमा नयाँ विभागीय प्रमुखको नियुक्ती गर्नुभएको छ ।



यसक्रममा स्कूल अफ पब्लिक हेल्थ तथा कम्यूनिटी मेडिसिन विभागको चिफ एवं विभागीय प्रमुखमा प्रा.डा. अनुप घिमीरे नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल मिति २०८१।०४।०१ देखि लागु भई तीन वर्षका लागि हुनेछ । यसभन्दा पहिला उक्त पदमा प्रा.डा. पारस कुमार पोखरेलले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

त्यसैगरी, बायोकेमिष्ट्री विभागमा प्रा.डा. माधव लम्साल, फरेन्सिक मेडिसिन विभागमा प्रा.डा. शिवेन्द्र झा, एनेस्थेसियोलोजी विभागमा प्रा.डा. कृष्णा पोखरेल, अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजी विभागमा प्रा.डा. अचला ठाकुर, माइक्रोबायोलोजी विभागमा प्रा.डा. रत्ना बराल, कन्जर्भेटिभ डेन्टिष्ट्री विभागमा प्रा.डा.नविन अग्रवाल, मेडिकल सर्जिकल नर्सिङ्ग विभागमा प्रा. पुष्पा पराजुली, कम्यूनिटी हेल्थ नर्सिङ्ग विभागमा प्रा.डा.तारा साह, मेटर्नल हेल्थ नर्सिङ्ग विभागमा प्रा. निर्मला देवी बराल तथा पेडियाट्रिक्स नर्सिङ्ग विभागमा प्रा. उपेन्द्र यादवलाई नियुक्त गरिएको छ ।

नियुक्त हुनु भएकाहरु मध्य प्रा.डा झाको कार्यकाल २०८१।०४।१० देखि र अन्यको २०८१।०४।०८ गते देखि लागु भई तीन वर्षका लागि हुनेछ । यसका साथै ओरल हिस्टोलोजी एण्ड प्याथोलोजी विभागमा डा. शशि केश्वरलाई इन्चार्ज तोकिएको छ । वहाँलाई २०८१।०४।०८ देखि लागु हुने गरि इन्चार्ज तोकिएको हो।

यसभन्दा पहिले फरेन्सिक मेडिसिन विभागमा प्रा.डा. विश्वनाथ यादव, अब्स्टेट्रिक्स एण्ड गाइनेकोलोजी विभागमा प्रा.डा. पप्पु रिजाल, माइक्रोबायोलोजी विभागमा प्रा.डा. नारायण राज भट्टराई, कन्जर्भेटिभ डेन्टिष्ट्री विभागमा प्रा.डा. मन्नु विक्रम, मेडिकल सर्जिकल नर्सिङ्ग विभागमा प्रा. गयानन्द मण्डल, कम्यूनिटी हेल्थ नर्सिङ्ग विभागमा प्रा. श्याम लम्साल, मेटर्नल हेल्थ नर्सिङ्ग विभागमा प्रा. मंगला श्रेष्ठ तथा पेडियाट्रिक्स नर्सिङ्ग विभागमा प्रा. रमानन्द चौधरीले विभागीय प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो । वहाँहरुले विभागीय प्रमुखको हैसियतले बिकास बिस्तारमा पुऱ्याउनु भएको योगदानका लागि रजिष्ट्रारज्यूको तर्फबाट धन्यवाद ज्ञापन गरिएको छ ।

## Peri-operative Management: OR to ICU सम्बन्धी CME कार्यक्रम सम्पन्न



प्रतिष्ठानको आयोजना तथा सर्जरी विभाग एवं एनेस्थेसियोलोजी विभागको संयुक्त तत्वावधानमा २०८१ असार २८ गते प्रतिष्ठानको अडिटोरियममा "Peri-operative Management: OR to ICU" शिर्षकमा एक दिने CME कार्यक्रम सम्पन्न भएको छ ।

प्रतिष्ठान लगायत कोशी प्रदेशका विभिन्न मेडिकल कलेजहरु एवं अस्पतालहरुका गरी करीब ११० भन्दा बढी शिक्षक, चिकित्सकहरुको सहभागिता रहेको उक्त CME कार्यक्रमको संरक्षकमा प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरी हुनुहुन्थ्यो भने सह-संरक्षकमा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्मा, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौला तथा अस्पताल निर्देशक डा. जगत नारायण प्रसाद हुनुहुन्थ्यो । त्यसैगरी आयोजक अध्यक्षहरुमा एनेस्थेसियोलोजी विभागकी प्रमुख प्रा.डा. कृष्णा पोखरेल तथा सर्जरी विभागका प्रमुख प्रा.डा. सुरेश प्रसाद साह हुनुहुन्थ्यो भने आयोजक सचिवहरुमा सर्जरी विभागका डा. कुनाल विक्रम देव तथा एनेस्थेसियोलोजी विभागका डा. सबिन भण्डारी हुनुहुन्थ्यो। कार्यक्रमको उद्घाटन शिक्षाध्यक्षज्यूले पानसमा बत्ती बालेर गर्नु भएको थियो । वहाँले सहभागी सम्पूर्णलाई स्वागत मन्तव्य दिँदै कार्यक्रम सफल र फलदायी रहोस् भनी शुभकामना व्यक्त गर्नु भएको थियो ।

विभिन्न पाँच वटा सेसनमा विभाजन गरिएको उक्त कार्यक्रममा एनेस्थेसियोलोजी विभाग, जेनरल सर्जरी विभाग, जी.आई सर्जरी विभाग, सि.टि.भि.एस. विभाग तथा कार्डियोलोजी विभाग अन्तर्गतका शिक्षक, चिकित्सकहरुले आ-आफ्नो प्रस्तुतीकरण एवं व्याख्यान दिनुभएको थियो । उक्त अवसरमा जेनेरल सेसन अन्तर्गत एनेस्थेसियोलोजी विभागका डा. सबिन भण्डारीले Fluid Electrolytes and Transfusion Practices तथा जी.आई. सर्जरी विभागका डा कुणाल विक्रम देवले Post-operative Nutrition विषयमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, एनेस्थेसिया एण्ड क्रिटिकल केयर सेसन अन्तर्गत प्रा.डा. सिन्धु खतिवडाले Perioperative ERAS Protocol and Pain Management, डा. रिया सिंहले Prevention of DVT, PE, and Stress Ulcer Prophylaxis, डा. सबिन भण्डारीले Management of HAI, डा. सिद्धार्थ कोइरालाले Management of Agitation, Delirium and Glycemic Control विषयमा प्रस्तुती दिनु भएको थियो । प्रस्तुतीकै क्रममा कार्डियो एण्ड न्यूरो सेसन अन्तर्गत सि.टि.भि.एस. विभागका डा. विजय साहले Postoperative Low Cardiac Output Syndrome, कार्डियोलोजी विभागका डा. ब्रिजेश पाण्डेले Post-operative Atrial Fibrillation एवं न्यूरो सर्जन डा. आलोक दाहालले A Multidisciplinary Approach to Access the Postoperative Outcome in Neurosurgical Patient विषयमा प्रस्तुती दिनु भयो । त्यसैगरी सर्जिकल प्राक्टिस सेसन अन्तर्गत सर्जरी विभागका प्रा.डा. सुरेश प्रसाद साहले Postoperative Hemorrhage and Ileus, डा. आवाज काफ्लेले Nosocomial UTI and Urosepsis, डा. अभिजीत कुमारले Postoperative Anastomotic Leaks तथा प्रा.डा. राकेश गुप्ताले Postoperative Issues and Management of Complex Ventral Hernia Surgery विषयमा प्रस्तुती दिनु भएको थियो । उक्त प्रस्तुती कार्यक्रमहरुमा क्रमशः प्रा.डा. बालकृष्ण भट्टराई, प्रा.डा. बिरेन्द्र प्रसाद साह, डा. लोकेश शेखर जैसवाल तथा विराट मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटलका प्रा.डा. रोहित प्रसाद यादवले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो ।

प्रस्तुतीको कार्यक्रम पश्चात् PNET with Liver Metastasis with Distal Pancreaticosplenectomy with Right Hepatectomy) विषयमा Multidisciplinary Panel Session को आयोजना गरिएको थियो । उक्त Case Discussion कार्यक्रममा प्रा.डा. बालकृष्ण भट्टराई, प्रा.डा. बिरेन्द्र प्रसाद साह, प्रा.डा. राकेश गुप्ता तथा विराट मेडिकल कलेज एवं टिचिङ्ग हस्पिटलका प्रा.डा. नरेन्द्र पंडितको सहभागिता रहेको थियो भने डा. परिनता थापा तथा डा. शारदा खड्काले सेसनलाई मध्यस्थता गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो भने सहभागीहरुले कार्यक्रम अत्यन्तै फलदायी रहेको र यस प्रकारको कार्यक्रम बेला बखत भइ रहनु पर्ने प्रतिक्रिया दिएका थिए । प्रा.डा. कृष्णा पोखरेलले सहभागी सम्पूर्णलाई धन्यवाद दिँदै कार्यक्रम समाप्तिको घोषणा गर्नु भएको थियो ।

## Whole Gene Sequencing सम्बन्धी तालिम सम्पन्न



प्रतिष्ठानमा संचालनमा रहेको A Clinically Oriented Antimicrobial Resistance Network (ACORN) कार्यक्रम अन्तर्गत Antrimicrobial Resistance (AMR) सम्बन्धी Oxford Nanopore Sequencing and Data Analysis सम्बन्धी ६ दिने तालिम कार्यक्रम सम्पन्न भएको छ ।

प्रतिष्ठानको आयोजना, माइक्रोबायोलोजी विभागको तत्वावधान तथा Oxford University Clinical Research Unit (OUCRU), नेपालको सहयोगमा जुलाई २८ देखि अगष्ट २, २०२४ सम्ममा सम्पन्न उक्त तालिममा प्रतिष्ठानका तर्फबाट ६ जना तथा प्रतिष्ठान बाहिरबाट २ जना गरि जम्मा ८ जनाको सहभागिता रहेको थियो । प्रतिष्ठानको माइक्रोबायोलोजी विभाग अन्तर्गतको PCR Lab मा उक्त तालिम कार्यक्रम सम्पन्न भएको थियो ।



तालिम संचालनका लागि OUCRU, नेपालले Next Generation Gene Sequencing Machine: Oxford Nanopore ManIon Machine जस्तो अत्याधुनिक उपकरण उपलब्ध गराई सो मेसिन प्रतिष्ठानलाई नै हस्तान्तरण गरेको छ । उक्त तालिममा OUCRU, भियतनामका विज्ञहरुले OUCRU, नेपाल तथा प्रतिष्ठानका Microbiology विभागका शिक्षकहरुलाई उक्त मेसिन संचालन, सो को उपयोगीता तथा तथ्यांक विश्लेषण सम्बन्धी Onsite तालिम दिनु भएको थियो । तालिम अवधीमा माइक्रोबायोलोजी विभागले दश वटा Clinical Bacterial Isolates को समेत Whole Gene Sequencing (WGS) सफलता पूर्वक सम्पन्न गरेको थियो ।

तालिम अत्यन्तै फलदायी रहेको र वर्तमान परिप्रेक्ष्यमा विश्वव्यापी रुपमा वृहत चुनौतीका रुपमा वृद्धी हुदै गइ रहेको AMR लाई WGS जस्तो आधुनिक प्रविधि मार्फत Tracking गर्न सकेमा AMR नियन्त्रण गर्न आवश्यक नीति निर्माणमा सहयोग पुग्ने विश्वास रहेको बारे तालिमका सहभागीहरुले बताउनु भयो ।

Well Come Trust को सहयोगमा यस भन्दा अगावै ACORN ले Online Virtual Platform मार्फत पनि Gene Sequencing को तालिम प्रदान गरिसकेको छ । हाल PCR Lab मा रहेको Nanopore Sequencing Machine ले Gram Negative Bacteria हरुको छनौट गरी Whole Genome Sequencing कार्यलाई सुचारु गरिरहेको छ ।

## All on Four Implant Concept सम्बन्धी दुई दिने कार्यशाला गोष्ठी सम्पन्न




प्रतिष्ठानको आयोजना तथा कलेज अफ डेन्टल सर्जरी अन्तर्गतको पेरियोडोण्टोलोजि एण्ड ओरल इम्प्लान्टोलोजि विभाग एवं प्रोस्थोडोन्टिक्स एण्ड काउन ब्रिज विभागको संयुक्त तत्वावधानमा २०८१ भाद्र ६ र ७ गते All on Four Implant Concept सम्बन्धी दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । पेरियोडोन्टोलोजी विभागका प्रमुख प्रा.डा. शिवलाल शर्मा तथा प्रोस्थोडोन्टिक्स विभागकी प्रमुख प्रा.डा. प्रमिता सुवाल संरक्षक रहनु भएको उक्त कार्यशाला गोष्ठीको अध्यक्षमा प्रोस्थोडोन्टिक्स विभागका डा.प्रकाश कुमार पराजुली तथा पेरियोडोन्टोलोजी विभागका डा. सजिव श्रेष्ठ रहनु भएको थियो ।

चारवटा इम्प्लान्टको भरमा पुरै जबडाको लागि कृत्रिम दाँत (Fixed Complete Denture) राख्ने नविन प्रविधि सम्बन्धी ज्ञान आदान प्रदान गर्ने उदेश्यले सम्पन्न उक्त कार्यशाला गोष्ठीका प्रमुख वक्ता काठमाडौं स्थित कान्तिपुर डेण्टल कलेजको पेरियोडोन्टिक्स विभागका प्रा.डा. भागेश्वर धामी हुनुहुन्थ्यो ।

पेरियोडोण्टोलोजि एण्ड ओरल इम्प्लान्टोलोजि विभाग एवं प्रोस्थोडोन्टिक्स एण्ड काउन ब्रिज विभागका सम्पुर्ण कन्सल्ट्याण्ट चिकित्सकहरु र आवासिय चिकित्सकहरुको सहभागिता रहेको थियो उक्त गोष्ठीमा All on Four अवधारणको सैद्धान्तिक आधारको व्याख्यान दिंदै प्रा.डा. धामीले विशेष रुपमा आवासिय चिकित्सकहरुलाई चारवटा इम्प्लान्टकै भरमा Fixed Complete Denture राख्दा इम्प्लान्ट कसरी राख्ने र सोहि दिन नै अस्थायी दाँत कसरी राख्ने भनि तालिम दिनुभयो । सोही सिलसिलामा वहाँले दुई बिरामीहरुमा प्रत्यक्ष शल्यक्रिया गरेर समेत देखाउनु भयो ।

महँगा ग्राफ्ट र मेम्ब्रेन पनि नचाहिने र Maxillary Sinus लाई पनि चलाउनु नपर्ने भएकाले यस अवधारणा अनुरुप शल्यक्रिया सरल भएको र जबडाका प्रायः दाँत नबच्ने अवस्थामा भए एकै दिनमा दाँत निकालेर इम्प्लान्ट राखेर अस्थायी दाँत राख्न मिल्ने भएकाले बिरामीले एक दिनपनि दाँत बिना बस्नु नपर्ने कुराको जानकारी कार्यक्रमका आयोजक अध्यक्ष डा. प्रकाश कुमार पराजुलीले जानकारी गराउनुभयो । त्यसैगरी पुरानो विधि अनुसार पुरै जबडाको फिक्स्ड दाँत राख्न ७ वा ८ वटा इम्प्लान्ट राख्नुपर्ने हुन्थ्यो र यस “All on Four” अवधारणा अनुसार ४ वटा इम्प्लान्टकै भरमा सो काम गर्न सकिने भएकाले बिरामीलाई धेरै कम आर्थिक भार पर्ने बारे अर्का अध्यक्ष डा. सजिव श्रेष्ठले जानकारी गराउनु भयो ।



उक्त कार्यशाला गोष्ठीबाट प्राप्त गरेको ज्ञानका आधारमा आगामी दिनहरुमा पुरै जबडाको फिक्स्ड दाँत लगाउनुपर्ने बिरामीहरुलाई प्रतिष्ठानमै गुणस्तरीय उपचार दिन सकिने जानकारी पेरियोडोण्टोलोजि र प्रोस्थोडोन्टिक्स विभागहरुका प्रमुखहरुले दिनुभयो । जबडाको हाड कम भएको बेला पनि यस अवधारणा अनुरुप Fixed Complete Denture राख्न सकिने र यो विधि जबडाको हाडको उचाई कम भएका वृद्ध-वृद्धा साथै पुरै जबडाको दाँतलाई बचाउनै नमिल्ने गरि हाडलाई गलाउने रोग Severe Generalized Periodontitis (Stage IV Periodontitis) बाट ग्रसित युवा र अधबैंसेहरुका लागि पनि उत्तिकै लाभदायक रहेको बारे पनि वहाँहरुले बताउनु भयो ।

उक्त कार्यशालाका सहभागिहरुलाई प्रमाणपत्र प्रदान गरिनुका साथै Nepal Medical Council ले CPD Points वापत १२ अंक प्रदान गरेको छ ।

## प्रतिष्ठानमा White Coat Ceremony सम्पन्न




प्रतिष्ठानको विद्यार्थी कल्याण समाजको तत्वावधानमा प्रतिष्ठानमा अध्ययनका लागि भर्ना भएका नयाँ विद्यार्थीहरुलाई स्वागत गर्दै मिति २०८० साउन १८ गते White Coat Ceremony सम्पन्न भएको छ ।

गत वर्षदेखि विद्यार्थी कल्याण समाजले प्रारंभ गरेको उक्त कार्यक्रमको प्रमुख उदेश्य नयाँ भर्ना भएका विद्यार्थीहरूलाई मेडिकल क्षेत्र र सेतो कोट (एप्रोन) को गरिमा बोध गराउँदै यस क्षेत्रको प्रतिष्ठा र मर्यादा कायम राख्ने जिम्मेवारी बोध गराउनु तथा विद्यार्थी जीवनमा आवश्यक पर्ने अनुशासन, लगनशीलता र सङ्कल्पको सपथ ग्रहण गराउनु रहेको थियो । त्यस्का साथै, आफ्नो घरबाट अध्ययन कै लागि कोषौ टाढा आएका नयाँ विद्यार्थीहरूलाई प्रतिष्ठानको वातावरण पारिवारिक बनाउनु पनि समारोहको अर्को उद्देश्य रहेको थियो ।



प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजीव कुमार शर्माज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा विशेष अतिथिका रुपमा प्रतिष्ठानका डीन, शैक्षिक, प्रा.डा. शिवेन्द्र झा, पूर्व शिक्षाध्यक्ष प्रा.डा. विक्रम प्रसाद श्रेष्ठ, कलेज अफ नर्सिङका चिफ प्रा. रमानन्द चौधरी लगायत विभिन्न शैक्षिक कार्यक्रमका को-अर्डिनेटरहरू, विभागीय प्रमुखहरू, शिक्षकहरू एवं विद्यार्थी कल्याण समाजका पूर्व प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा प्रथम वर्षका विविध सङ्कायका जम्मा २ सय १८ जना विद्यार्थीहरूलाई प्रमुख अतिथि तथा विशेष अतिथिहरूले सेतो कोट लगाइदिनु भएको थियो भने प्रमुख अतिथि तथा शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूले सपथ ग्रहण गराउनु भएको थियो ।

प्रतिष्ठानमा यस किसिमको कार्यक्रम छुट्टै नजिर र परम्पराको रुपमा स्थापित भएर आगामी वर्षहरूमा समेत नयाँ विद्यार्थीहरूलाई नयाँ जोश, जागर दिनुका साथै प्रतिष्ठानसँग भावनात्मक निकटता बढाउन मद्दत गर्नेप्रति विद्यार्थी कल्याण समाज विश्वस्त रहेको बारे सो समाजका सदस्यहरुले बताउनु भयो ।

## प्रतिष्ठानमा साहित्यिक सप्ताह मनाइयो

प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुको परिकमा विद्यार्थी परिवारले हरेक बर्ष जस्तै यस बर्ष पनि विभिन्न कार्याक्रमहरु गर्दै साहित्यिक सप्ताह (Literary Week) को सफल आयोजना गरेको छ। Wabi Sabi Theme मा आधारित यस बर्षको उक्त साहित्यिक सप्ताहको Convener बायोकेमिष्ट्री विभागकी डा. बिजया मिश्र हुनुहुनथ्यो । गत २०८१ भाद्र २ गतेका दिन Photography / Short Movie प्रतियोगीताबाट औपचारिक रुपमा शुरु भएको उक्त सप्ताहमा साहित्यका विभिन्न विधाहरुसँग सम्बन्धित प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना गरिएको थियो।

पहिलो दिन, डा. अभिषेक कर्ण निर्णायक रहनु भएको Photography प्रतियोगितामा प्रवेश ढुंगाना प्रथम भएका थिए भने प्रा.डा. सरुण कोइराला निर्णायक रहनु भएको Short Movie प्रतियोगितामा बिनम जंग महत प्रथम भएका थिए । दोस्रो दिन आयोजना भएको Short Story Writing प्रतियोगितामा अंग्रेजी तर्फको निर्णायकमा प्रा.डा. सिन्धु खतिवडा निर्णायक हुनुहुन्थ्यो जसमा शशांक कश्यप प्रथम भएका थिए भने नेपाली तर्फ डा. बिशाल बाबु बस्नेत निर्णायक हुनुन्थ्यो जसमा आयुष अधिकारी प्रथम भएका थिए ।



तेस्रो दिन आयोजना गरिएको हाजिरी जवाफ प्रतियोगितामा Team NirAAS ( आस्था थापा, असल कोइराला र सुमित धमला) प्रथम भएको थियो । त्यसैगरी, चौथो दिन Spell Bee Competition गरिएको थियो र उक्त प्रतियोगितामा Team Cheen Tapak Dum Dum (असल कोइराला, सुमित धमला र सन्देस काफ्ले) विजेता भएको थियो । पाचौ दिन आयोजना गरिएको वाद-विवाद प्रतियोगितामा अंग्रेजी तर्फ Team Hegemony (जानव राज मास्के, राम उद्‌गार यादव र शशांक

कश्यप) तथा नेपाली तर्फ Team Eklavya (बन्दना मुगराति, निसाम लिम्बू र अन्जलि सुवेदी) विजयी भएको थियो । उक्त वाद-विवाद प्रतियोगिताको निर्णायकमा अंग्रेजी तर्फ प्रा. डा. सरुण कोइराला र डा. अभिषेक कर्ण तथा नेपाली तर्फ डा. लक्ष्मण खनाल र डा. बिशाल बाबु बस्नेत हुनुहन्थ्यो । छैठौ दिन Open Mic कार्यक्रमको आयोजना गरिएको थियो जसमा विद्यार्थीहरुले आफ्नो प्रतिभा देखाउने मौका पाएका थिए । अन्तिम दिनमा चित्रकला प्रतियोगिताका साथै कविता वाचन प्रतियोगिताको आयोजना गरिएको थियो। चित्रकला तर्फ डा. नितु जैन निर्णायकमा हुनुहन्थ्यो जसमा श्रुती कुमारी प्रथम भएकी थिइन् ।

त्यसैगरी, कविता प्रतियोगिताको निर्णायकमा अंग्रेजी तर्फ प्रतिष्ठान बाहिरबाट निम्त्याइनु भएका डा. सुदिप खनिया तथा प्रतिष्ठानका डा. शशि केश्वर हुनुहुन्थ्यो भने नेपाली तर्फ प्रा. डा. माधव लम्साल र र प्रतिष्ठान बाहिरबाट निम्त्याइनु भएकी श्री भारती मैनाली हुनुन्थ्यो । सो प्रतियोगितामा अंग्रेजी तर्फ जानव राज मास्के र नेपाली तर्फ आरती गौतम प्रथम भएका थिए ।

सोहि दिन साहित्यकार डा. जिवन क्षेत्रीको पुस्तक नुन तेलको Book Tour कार्यक्रमको पनि आयोजना गरिएको थियो । प्रतिष्ठानको अडिटोरियममा आयोजना गरिएको उक्त कार्यक्रमको अन्त्यमा साहित्यिक सप्ताहका विभिन्न प्रतियोगिताका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

## Dengue treatment report from BPKIHS

**for the month of Shrawan, 2081**

| | |
|---|---|
| Total test: | 805 |
| NS1 Positive: | 4 |
| IgM Positive: | 40 |
| IgG Positive: | 115 |
| Hospital Admission: | 14 |
| Hospital Death: | 0 |

***Dengue update of Dharan sub-metropolitan city***

| | |
|---|---|
| *Total test:* | *333* |
| *NS1 Positive:* | *0* |
| *IgM Positive:* | *22* |
| *IgG Positive:* | *87* |

*Ward of Dharan with the highest no. of case: Ward No. - 18*

***Source: Hospital Administration***
***Parepared by Information & Communication Center***

## Dengue treatment report from BPKIHS

**for the of month Bhadra, 2081**

| | |
|---|---|
| Total test: | 1107 |
| NS1 Positive: | 17 |
| IgM Positive: | 65 |
| IgG Positive: | 260 |
| Hospital Admission: | 14 |
| Hospital Death: | 2 |

***Dengue update of Dharan sub-metropolitan city***

| | |
|---|---|
| *Total test:* | *545* |
| *NS1 Positive:* | *6* |
| *IgM Positive:* | *39* |
| *IgG Positive:* | *204* |

*Ward of Dharan with the highest no. of case: Ward No. - 15*

***Source: Hospital Administration***
***Parepared by Information & Communication Center***

## ALUMNI OF BPKIHS

## प्रा.डा. सुरज बज्राचार्य: एक परिचय



प्रा.डा. सुरज बज्राचार्य प्रतिष्ठानको एम.बि.बि.एस.सन् १९९४ ब्याचका विद्यार्थी हुनुहुन्छ । वहाँले प्रतिष्ठानबाटै सन् २००५ मा अर्थोपेडिक्स विषयमा स्नातकोत्तर गर्नुभएको छ । वहाँले आफ्नो एम.बि.बि.एस. अध्ययन पश्चात् प्रतिष्ठानमै हाउस अफिसरका हैसियतले सेवा प्रवेश गरी सन् २००० देखि सन् २००२ सम्म कार्य गर्नु भयो भने स्नातकोत्तर अध्ययन पश्चात् सन् २००५ देखि २००८ सम्म प्रतिष्ठानमै रहि सिनियर रेसिडेन्टका हैसियतले र केहि समय असिष्टेन्ट प्रोफेसरका हैसियतले समेत कार्य गर्नु भयो । तत्पश्चात् वहाँले सन् २००८ देखि सन् २००९ सम्म न्यूजिल्याण्ड स्थित Dunedin School of Medicine, University of Otago मा Clinical Lecturer of Orthopedics का हैसियतले कार्य गर्नु भयो । सोही समयमा वहाँले त्यहाँबाट Fellowship समेत गर्नु भयो।

वहाँले जर्मनी स्थित Klinikum Sankt George Level 1 Trauma Center Leipzig बाट Diploma in Minimally Invasive Spine Surgery तथा जापान स्थित Teiko University Chiba Medical Center बाट AOSpine International Fellowship (Clinical Spine Surgery Fellowship) गर्नु भएको छ । यसका साथै वहाँले जापानबाट AOSpine Interactive Course 2007, जर्मनीबाट Trauma and Tumor Course 2007 Europeon Edition तथा Hospital Preparedness for Emergencies (HOPE) course training जस्ता तालिमहरु प्राप्त गर्नु भएको छ ।

प्रा.डा. बज्राचार्य सन् २००९ मा एसिष्टेन्ट प्रोफेसरका हैसियतले काठमाडौं स्थित किष्ट मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटलसँग आबद्ध भई लामो समय सेवा दिंदै गर्दा त्यहाँको अर्थोपेडिक विभागको प्रमुख, एम.बी.बी.एस कार्यक्रमको क्लिनिकल कोअर्डिनेटर सँगसँगै सन् २०१६ देखि सन् २०१९ सम्म वहाँले डेपुटी अस्पताल निर्देशकको हैसियतले समेत जिम्मेवारी सम्हाल्नु भयो । तत्पश्चात् सन् २०१९ देखि हालसम्म वहाँले अस्पताल निर्देशकका रुपमा जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।

वहाँ नेपाल मेडिकल काउन्सिलको स्थायी सदस्य, नेपाल मेडिकल एसोसिएसन, नेपाल अर्थोपेडिक एसोसिएसन, इन्डियन अर्थोपेडिक एसोसिएसन तथा एसोसिएसन अफ स्पाइन सर्जन्स अफ इन्डियाको आजिवन सदस्य हुनुहुन्छ । त्यसैगरी, AOSpine International, Asia Pacific Spine Society (APSS) को सदस्य तथा Association of Spine Surge of Nepal को Founder Executive Member समेत रहनु भएको छ । वहाँले देश र विदेशका ख्यातिप्राप्त जर्नलहरुमा थुप्रै लेख रचनाहरु प्रकाशित गरेर अनुसन्धानको क्षेत्रमा समेत योगदान दिनु भएको छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी प्रा.डा. बज्राचार्यले यसरी राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याति फैलाउन सहयोग पुर्‍याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद ज्ञापन गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।



## शुभकामना



नेपालीहरुको महान चाँड विजया दशमीको पावन अवसरमा प्रतिष्ठानमा कार्यरत सम्पूर्ण शिक्षक, चिकित्सक, प्रशिक्षक, कर्मचारी तथा विद्यार्थीवर्ग लगायत वहाँहरुका परिवारमा सुःख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं।

| डा. ज्ञानेन्द्र गिरी | प्रा.डा. संजिव कुमार शर्मा | प्रा.डा. सूर्य प्रसाद संग्रौला | डा. जगत नारायण प्रसाद |
|---|---|---|---|
| उपकुलपति | शिक्षाध्यक्ष | रजिष्ट्रार | अस्पताल निर्देशक |

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju |
| | | Dr.Sangeeta Shah | | | | |
| Orthopedics | TEAM – C | Rotation | TEAM – B | Rotation | TEAM - A | Rotation |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Rajiv Maharjan | | Prof.Dr.Raju Rijal | |
| | Dr.Jitendra Shah | | Dr.Yam Bahadur Gurung | | Dr.Ashish Pandey | |
| | Dr.Pramod Baral | | | | Dr.Dipendra Mishra | |
| | | | | | | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | | Dr.Bhawani Khanal | | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | | Dr.Samir Chaudhary | | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra |
| Dermatology& Venereology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Prepared by: Information and Communication Center*** ***Source: Hospital Administration/Concerned Departments***

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal |
| Orthopaedics | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Psd. Shrestha | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Psd. Shrestha | Dr.Pramod Baral |
| | Dr.Ashish Pandey | Dr.Yam Bahadur Gurung | Dr.Jitendra Shah | Dr.Ashish Pandey | Prof.Dr.Rajiv Maharjan | Dr.Jitendra Shah |
| | Dr.Dipendra Mishra | | Dr.Pramod Baral | Dr.Dipendra Mishra | Dr.Yam Bahadur Gurung | |
| | | | | | | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | |
| | | | | | Dr.Jeet Prasad Ghimire | Dr.Jeet Prasad Ghimire |
| Gastroenterology | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | |
| | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dermatology & Venereology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | Doctors will be available as per the departmental instructions |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh hatta |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | SR/JR | SR/JR | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | SR/JR |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| | | | | | | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rajesh Kumar (Psychology) | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychologist) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | | Dr. Binod Kumar Deo (Psychology) |
| | | | | | | |
| Orthopaedics | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Prasad.Shrestha | Prof.Dr.Raju Rijal | Prof.Dr.Rajiv Maharjan | Prof.Dr.Bikram Prasad.Shrestha |
| | Dr.Ashish Pandey | Dr.Yam Bahadur Gurung | Dr.Jitendra Shah | Dr.Ashish Pandey | Dr.Yam Bahadur Gurung | Dr.Jitendra Shah |
| | Dr.Dipendra Mishra | | Dr.Pramod Baral | Dr.Dipendra Mishra | | Dr.Pramod Baral |
| | | | | | | |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhuendra Shah | | Dr. Bhupendra Shah | Dr. Rajiv Sharma | | Dr. Rajiv Sharma |
| Cardiology | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr.Denish Piyush | | | Dr.Denish Piyush | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology, Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah |
| | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar |
| | | Dr. Alok Dahal | | Dr. Alok Dahal | | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari |
| | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel |
| | | | | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya |
| Dermatology& Venereology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | | | Dr. Prajwal Pandey | |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | As per Rotation |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Dr. Shyam Prasad Kafle | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

### Status of Operations done in Shrawan/ Bhadra - 2081

| Types of OT | Major | | Intermediate | | Minor | | Total Shrawan/ Bhadra |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| | Shrawan/Bhadra | | Shrawan/Bhadra | | Shrawan/Bhadra | | |
| Routine | 398/391 | 394/288 | 48/51 | 68/41 | 121/122 | 48/51 | 1077/944 |
| Obst. & Gynae | 342/351 | 63/33 | 13/3 | 0/0 | 107/83 | 10/24 | 535/494 |
| Emergency | 105/94 | 0/0 | 20/33 | 0/0 | 20/8 | 0/0 | 145/135 |
| Day Care | 0/0 | 0/0 | 8/7 | 14/13 | 82/66 | 87/40 | 191/126 |
| Derma * | 105/106 | 4/13 | 489/355 | 81/67 | 403/350 | 77/24 | 1159/915 |
| **Total** | **950/942** | **461/334** | **578/449** | **163/121** | **733/629** | **222/139** | **3107/2614** |

General OT : 2261/2020 — *Number of safe abortion care service done : 49 /35*

Paying OT: 846/594 — *Number of cases done in Cardiac Catheterization Laboratory: 170/169*

** Asthetic procedures included in minor: 73/73*

***Prepared by Inaormtion and Communication Center*** ***Source: Hospital Administration***


## सम्पादन समूह

प्रा.डा.अन्जु प्रधान, प्रवक्ता

डा.अभिजीत कुमार, सह-प्रवक्ता

निरज पोखेल, एड्मिनिष्ट्रेटिभ असिष्टेन्ट

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu